आज मिति २०७६।०७।०३ गते आइतबारका दिन प्रदेश नं. ५ का प्रमुख सचिव श्री तोय नारायण ज्ञवालीको अध्यक्षतामा नियमित सचिव बैठक बसी देहायबमोजिमका निर्णयहरु भयो ।

उपस्थिती :

श्री तोय नारायण ज्ञवाली, प्रमुख सचिव, प्रदेश नं. ५
श्री टेक नारायण पाण्डे, सचिव, मु.म तथा म.प.का.
श्री राजेन्द्र थापा, सचिव, " "
श्री मधु कुमार मरासिनी, सचिव, आ.मा. तथा यो.म.
श्री राधा वाग्ले, सचिव, उ.प.व. तथा वा.म.
श्री गोपीकृष्ण खनाल, सचिव, सा.वि.म.
श्री बैकुण्ठ अधिकारी, सचिव, भू.व्य. कृषि तथा स.म.
श्री हरिहर पोख्रेल, उपसचिव, आ.मा. तथा कानून म.
श्री ध्रुव घिताल, सि.डि.ई., भौ.पू.वि.म.

आमन्त्रित :

श्री रामचन्द्र अर्याल, अधिकृत आठौं, मु.म. तथा म.प.का.

निर्णयहरु:

१. लुम्बिनी प्रादेशिक अस्पताललाई सुविधा सम्पन्न, आधुनिक र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने नमुनायोग्य र प्रदेशको पहिचानयोग्य अस्पतालको रुपमा विकास र स्थापित गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, सामाजिक विकास मन्त्रालयका सचिव र प्रदेश योजना आयोगका उपाध्यक्ष समेतको संयुक्त बैठकबाट ठोस योजना तय गर्ने साथै प्रदेश योजना आयोगको अगुवाईमा Master Plan तयार गरी पेश गर्ने ।

२. प्रदेश सरकारबाट नयाँ निर्माण गर्नुपर्ने, अद्यावधिक गर्नुपर्ने तथा पूर्णता दिनु पर्ने कानूनहरुका लागि कानून मस्यौदा कार्यदल गठन भएको सन्दर्भमा उक्त कार्यदलसंग समन्वय गरी सम्बन्धित मन्त्रालयले आवश्यक कार्य यथाशिघ्र अघि बढाउने ।

३. सबै मन्त्रालयले कार्य योजना अनुरुप आ.व. २०७६।७७ को पहिलो चौमासिकमा पुरा गर्ने गरी लक्ष्य तोकिएका कार्यहरु पहिलो चौमासिक भित्रै सम्पन्न गर्ने गराउने ।

४. गुल्मी जिल्लाको सत्यवती गाँउपालिकामा गएको बाढी र पहिरो बाट भएको क्षतिबाट पीडित जनताको पुनर्स्थापना तथा विकास निर्माण कार्यको एकिकृत योजनासाथ अगाडि बढ्न भौतिक पुर्वाधार विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले अगुवाई गरी कार्य गर्ने ।

५. २०७६ असोज २ गते माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न उर्जा बैठकका निर्णयहरुको कार्यानवयनका लागि भौतिक पुर्वाधार विकास मन्त्रालयले आवश्यक फलोअप (Follow up) तथा समन्वय गर्ने र सोको प्रगति विवरण ७ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

६. प्रदेश नं. ५ को चिनारी, वस्तुस्थिति र सम्भावना झल्किने र विभिन्न समारोहमा/कार्यक्रममा प्रशारण गर्न मिल्ने खालको वृत चित्र (Documentary) आन्तरिक मामिला तथा कानून मन्त्रालयले तयार गर्ने ।

७. सूचना प्रविधि पार्कको कार्यलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय र आवश्यक कार्य प्राथमिकताकासाथ अघि बढाउने ।

८. सबै मन्त्रालय र निकायले प्रदेश समन्वय परिषदका बैठकका निर्णयहरु कार्यान्वयन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्ने ।

९. प्रदेशस्तरीय खानी र खानीजन्य संभावनाको बारेमा बैठक गरि कार्ययोजना तयार गर्न खानी र खानीजन्य उच्चस्तरीय विज्ञ समुहको बैठकका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले अगुवाई गर्ने, तयारी गर्ने र यथाशिघ्र बैठकको आयोजना गर्ने।

१०. लुम्बिनी भ्रमण वर्ष र नेपाल भ्रमण वर्ष समेतलाई ध्यानमा राखी भैरहवा लुम्बिनी सडक र लुम्बिनी रिङ्गरोडको कार्यलाई यथासक्य छिटो सम्पन्न गर्न भौतिक पुर्वाधार विकास मन्त्रालयले आवश्यक समन्वय गर्ने तथा तत्काल सरोकारवालाको बैठक आयोजना गर्ने ।